नेप्से कर्मचारी संघ

NEPSE Employee Union (NEPSE-EU)

पत्र संख्या : ०७९/८०

मिति २०७९/०५/२३

नेप्से कर्मचारी संघका पदाधिकारीहरु

अध्यक्ष : नबराज थापा
(मो.नं.9860083240)

उपाध्यक्ष : निरज श्रोष्ठ
(मो.नं.9841315394)

सचिव :रेशम प्र.लामिछाने
(मो.नं.9841967281)

कोषाध्यक्ष :सावित्रा के.सी.
(मो.नं.9851155420)

सदस्य: मना भुसाल
(मो.नं.9849512590)

सदस्य: नितु यादव
(मो.नं.9860848227)

सदस्य :कृपा श्रेष्ठ
(मो.नं.9818063301)

प्रेस विज्ञप्ति

"नयाँ स्टक एक्सचेञ्ज आवश्यक छैन : नेप्सेको पुन:संरचना गर्दै यसैलाई सुदृढीकरण र आधुनिकीकरण गर्नु पर्ने"

१) **विश्वभर मर्जरको लहर :**

सन् १९८० को दशकदेखि नै संसारभर स्टक एक्सचेञ्जको संख्या घटिरहेको छ । क्यानडामा दर्जनौं स्टक एक्सचेञ्जहरु थिए, अमेरिकामा सयौंको संख्यामा थिए, भारतमै २६ वटा थिए । अहिले धेरैजसो एक आपसमा गाभिएका (Merger) छन्, अस्तित्वमा छैनन् । सारा युरोपलाई अब ४ वटा स्टक एक्सचेञ्जहरुको समूहले धान्ने स्थिति बनेको छ । एउटै कारोबार प्रणाली प्रयोग गर्ने गरी धेरै एक्सचेञ्जहरुले साझेदारी गरेका छन् । नजिकैको छिमेकी पाकिस्तानमा मुलुकलाई तीन-तीन वटा आवश्यक छैन भन्ने निष्कर्षका साथ गाभेर एउटा स्टक एक्सचेञ्ज बनाइएको छ । यो गाभ्ने प्रक्रियाको अग्रसरता त्यहाँको नियामक निकायले नै गरेको थियो । संसारभर स्टक एक्सचेञ्जहरुको मर्जरको लहर चलिरहेको अवस्थामा नेपाल उल्टो गतिमा हिडनु सर्वथा गलत छ । हाम्रोजस्तो सानो अर्थतन्त्र भएको ठाउँमा अर्को स्टक एक्सचेञ्ज खोल्ने कुरा गर्नु र स्टक एक्सचेञ्जमा प्राइभेट कम्पनी समेतलाई लगानी गर्न दिनु अवैज्ञानिक र अव्यावहारिक छ ।

२) **अर्थतन्त्रको आकार :**

हाम्रोजस्तो सानो अर्थतन्त्र भएको देशमा अर्को स्टक एक्सचेञ्ज ल्याउनु वैज्ञानिक र व्यावहारिक छैन । संयुक्त राज्य अमेरिका (USA) को कुल गार्हस्थ्य उत्पादन $20.89 trillion छ, त्यस्तै क्रमश: चीनको $14.72 Trillion, जापनको $5.06 Trillion, जर्मनीको $3.85 Trillion, बेलातको $2.67 Trillion र भारतको समेत $2.66 Trillion छ । यस समयमा नेपालको गार्हस्थ्य उत्पादन ४८ खर्व ५१ अर्ब र ६२ करोड छ । यो भनेको माथिका देशको तुलनामा नेपालको GDP को १००० गुणा कम अर्थात $38.20 Billion मात्र हुन आउछ । माथिका देशहरुमा अमेरिका र भारत मा २ वटा र अन्य सबै देशमा १ वटा मात्र स्टक एक्सचेञ्ज छन । यूरोपमा १ मात्र स्टक एक्सचेञ्जको Model (संरचना) मा अगाडि गइसक्यो । यस्तो परिवेशमा नेपालमा मात्रै उल्टो यात्रा गर्नु जानाजान दुर्घटना पार्नु र पर्नुहो ।

३) **पूँजी बजार संवेदनशिल क्षेत्र :**

नेप्से कर्मचारी संघ
NEPSE Employee Union (NEPSE-EU)

बैक वित्तीय संस्था, दुरसञ्चार कम्पनी बीमा वा यस्तै कुनै संस्थाको संख्या बढाएर बजारमा प्रतिस्पर्धा हुन्छ । तर संख्या थपेर मूल्यमा प्रतिस्पर्धा ल्याउने भन्ने विषय यो क्षेत्र होइन । जस्तै एउटा कम्पनी दुवै स्टक एक्सचेञ्चमा सूचीकृत हुदाँ त्यसको मूल्य फरक-फरक पर्छ । स्टक एक्सचेञ्चले धितोपत्रको दोस्रो बजार कारोबार स्थान (Platform) उपलब्ध गराउने हो । यो कहाँ छ, कतिवटा छ ? भन्ने सँग सम्बन्ध हुदैन । स्टक एक्सचेञ्जको उद्देश्य लगानीकर्ताले आफूले चाहेको समयमा तुरुन्त शेयर खरिद/बिक्री गर्न सक्ने वातावरण निमार्ण गर्नु हो । यसले आफ्ना सेवा सदस्य दलाल (Broker) मार्फत गर्ने गराउने हो । नयाँ स्टक एक्सचेञ्ज ल्याएर वा संख्या मात्र थपेर सेवा छिटो छरितो वा गुणस्तरिय हुन्छ भन्नु भकारी संख्या थप्दा धान बढी फल्छ भन्ने मुर्खता मात्र हो ।

४) **पूँजी बजार विकासको निर्धारक स्टक एक्सचेञ्जको संख्या होइन् :**

संसारभर दुई सय मुलुक छन् तर स्टक एक्सचेञ्ज भनिन लायक संस्थाहरु मुस्किलले ११० देखि १२० सम्म छन् । नियमित रुपमा उल्लेख्य परिमाणमा धितोपत्रहरुको कारोबार हुने स्टक एक्सचेञ्जहरुको संख्या ६० देखि ७० छ । यी तथ्यहरुले पनि के बताउँछ भने पूँजी बजार विकासको निर्धारक स्टक एक्सचेञ्जको संख्या होइन् । धेरै स्टक एक्सचेञ्ज हुँदैमा पूँजी बजारको विकास हुन्थ्यो भने अहिले संसारमा लाखौं स्टक एक्सचेञ्जहरु हुन्थे । दुई वटा स्टक एक्सचेञ्जले पूँजी बजारको विकास हुन्छ भन्ने जुन अप्राप्य ज्ञान हामीलाई प्राप्त भएको छ त्यो साँचो भइदिएको भए संसारले पहिल्यै थाहा पाइसकेको हुन्थ्यो ।

५) **बैंक, बीमा, टेलिकम जस्ता व्यावसायिक संस्था होइन स्टक एक्सचेञ्ज :**

स्टक एक्सचेञ्ज सञ्चालन भनेको नाफा उद्देश्य प्रधान भएको विशुद्ध व्यावसायिक गतिविधि हुदै होइन । स्टक एक्सचेञ्ज विशुद्ध वजार सञ्चालन मात्रै होईन यो नियमनकारी निकाय पनि हो । त्यसैले स्टक एक्सचेञ्जहरुलाई 'फ्रन्टलाइन रेगुलेटर' भनिन्छ । स्टक एक्सचेञ्जहरुले लगानीकर्ताको हक सुनिश्चित गर्ने गरी सूचीकृत कम्पनीहरुको निगरानी गरिरहेका हुन्छन । यिनले ब्रोकरहरुको नियमन, अनुगमन, सुपरिवेक्षण गरेका हुन्छन् । यस्तो नियमनकारी सञ्चालनमा कहीं पनि प्रतिस्पर्धा हुदैन । सञ्चालनमा निहित यही नियमनकारी तत्वकै कारण संसारभर स्टक एक्सचेञ्जहरुमा प्रतिस्पर्धा छैन । बैंक, बिमा, टेलिकम जस्ता व्यावसायिक संस्थासँग जोडेर स्टक एक्सचेञ्ज पनि त्यस्तै हो भन्नु दिउँसै अध्याँरो बनाउन खोज्नु मात्रै हो ।

६) **धेरै स्टक एक्सचेञ्जहरु खोलौं, झन् धेरै प्रतिस्पर्धा होला :**

नेप्से कर्मचारी संघ
NEPSE Employee Union (NEPSE-EU)

दुई वटा एक्सचेञ्ज भएपछि प्रतिस्पर्धा हुन्छ र प्रतिस्पर्धाले बजारमा कुशलता ल्याउँछ भन्ने तर्क गरिएको छ । दुई वटा भिन्न धरातलका खेलाडी र प्रतिस्पर्धा अनि मूल्य तोक्ने अर्कैले । यो कुन खालको आर्थिक चेत हो ? वास्तविक प्रतिस्पर्धाका लागि असंख्य वजार सहभागी हुनुपर्छ, मूल्य निर्धारणका लागि क्रेता/बिक्रेता बीच निरन्तर मोलतोल गर्ने वातावरण हुनुपर्छ भन्ने सामान्य आर्थिक नियम हो । बजार सहभागीको संख्या र मूल्य निश्चित गरिसकिएको अवस्थालाई प्रतिस्पर्धा भनिदैन । यसले बजारमा कुशलता ल्याउँदैन । प्रतिस्पर्धा नै गराउन खोजिएको हो भने किन दुई मात्रै ? धेरै एक्सचेञ्जहरु खोलौं, झन धेरै प्रतिस्पर्धा होला ।

७) **नेप्से : सरकारलाई सुनको अण्डा दिने कुखुरो :**

हाल सञ्चालनमा रहेका ४४ सार्वजनिक संस्थानमध्ये नेप्से उत्कृष्ट संस्था हो । यो सरकारको बहुमुल्य सम्पत्ति हो । सरकारले गरेको केवल ५०-६० लाख रुपैयाँ पूँजी लगानीलाई नेप्सेले निरन्तरको आम्दानीबाट बढाएर १ अर्व चुँक्ता पूँजी पुऱ्याएको छ । सरकारको लगानीमा उच्चतम प्रतिफल दिने यो अग्रणी संस्था हो । यसले सरकारलाई वर्षेनी ५० देखि १६७ प्रतिशतसम्म नगद लाभांश प्रदान गर्दै आएको छ । नेप्सेको यो वित्तीय अवस्था र प्रगति निजी क्षेत्रलाई समेत ईर्ष्यालाग्दो विषय बनेको छ । विदेशीको पनि साझेदार बन्ने रहर छ ।

८) **धितोपत्र बोर्डसँग दुई वटा स्टक एक्सचेञ्ज नियमन गर्ने स्रोत साधन पर्याप्त छ ?**

अहिले नेप्सेमा २४० संगठित संस्था सूचीकृत छन् । निरन्तर बैंक तथा वित्तीय संस्था, वीमा कम्पनी, हाइड्रोपावर लगायतका सूचीकृत कम्पनीको मर्जर र एक्विजिसनका कारण यो संख्या घट्दो छ । अनि ९०-१०० वटा सूचीकृत कम्पनी लिएर दुई- दुई वटा स्टक एक्सचेञ्ज चल्नसक्छन् ? एकीकृत हुनुपर्ने पूँजी वजार खण्डीकरणतर्फ जाँदा वित्तीय औजारहरुको मूल्य निर्धारण (प्राइस डिस्कभरी), जोखिम व्यवस्थापन, पुँजी परिचालन, संस्थागत सुशासन जस्ता स्टक एक्सचेञ्ज सञ्चालनका मूल उद्देश्यमा कस्तो असर पर्ला ? एउटै स्टक एक्सचेञ्ज नियमन गर्न हम्मे परेको धितोपत्र बोर्डमा दुई वटा स्टक एक्सचेञ्ज नियमन गर्ने स्रोत साधन पर्याप्त छ ?

अतः नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) लाई टाट पल्टाएर कबाडी सामाग्रीको मूल्यमा विलय गराउने स्वार्थी समूहको उद्देश्य रहेको छ । नियामक निकायका केही वरिष्ठ पात्रहरु धनाढ्य व्यापारिहरुको प्रभावमा परेर नेप्सेको अरबौंको सरकारी सम्पत्तिलाई कौडीको भाउमा सिद्धाउने वाटोमा हिँडेको प्रष्ट देखिन्छ ।

अबको बाटो

१) **नेप्सेको पुनः संरचना गर्ने :**

नेप्से कर्मचारी संघ

NEPSE Employee Union (NEPSE-EU)

यसका लागि रणनैतिक विदेशी साझेदार ल्याउनु पर्ने । जसले गर्दा अन्तर्राष्ट्रिय पूँजी, प्रविधि र नविन व्यवस्थापन भित्रिने छ । यसैमा सर्वसाधाराण लगानीकर्ता, सरकार र निजी क्षेत्र (PPP Model) को शेयर स्वामित्व हुने गरी नेप्सेको आधुनिक पुनःसंरचना गर्दै यसैलाई सुदृढीकरण र आधुनिकीकरण गर्नु पर्ने ।

२) **धितोपत्र सम्बन्धी उपकरणहरुको विविधिकरण गर्ने :**

क) डेरिभेटिभ साथै कमोडिटिज मार्केटको विकास गर्ने ।

ख) SME (Small Medium Enterprises) कम्पनीको समेत सूचीकरण गनुपर्ने ।

ग) वैकल्पिक लगानी कोषहरु जस्तैः Private Equity & Venture Capital (PEVC) and Hedge Fund आदीको विकास गर्ने ।

३) गैरआवाशिय नेपाली र विदेशी संस्थागत लगानीकर्तालाइ भित्र्याउने ।

२०७३.

नवराज थापा

अध्यक्ष

नेप्से कर्मचारी संघ, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड ।